नेपाल सरकार

## शिक्षा मन्त्रालयको सूचना

# शिक्षक सेवा आयोग (आठौं संशोधन) नियमावली, २०७०

शिक्षक सेवा आयोग नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "शिक्षक सेवा आयोग (आठौं संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ. मा संशोधन** शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ. को उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "यो उपनियम प्रारम्भ भएको मितिले तीन वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "सम्वत् २०७१ साल कार्तिक २२ गतेभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,

**डा. सोमलाल सुवेदी**

**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-